# स्थानीय राजपत्र


## याङवरक गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ६)** **थर्पु, पाँचथर** **मंसिर १७ गते, २०७९ साल** **(संख्या ८**


# भाग २

## याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

याङवरक गाउँ कार्यपालिकाको मिति २०७९/०८/१५ गतेको बैठकले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**संवत २०७९ सालको कार्यविधि संख्या-६**

### गर्भवति तथा सुत्केरी पोषण प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९

**प्रस्तावना:** - राष्ट्रव्यापी रुपमा कुपोषणको समस्यालाई निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिएको छ। याङवरक गाउँपालिका भित्रका गर्भवति तथा सुत्केरी महिलाहरुको पोषण अवस्था सुधार गर्न स्थानीय स्तरमा उत्पादित पोषण आहार वितरण गरी संस्थागत सुत्केरी शतप्रतिशत बनाउन, नेपाल सरकारले तोकेको प्रोटोकल बमोजिम अनिवार्य गर्भजाँच गरी महिलाहरुको हेरचाह गर्नलाई प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराई गर्भवती महिला र बच्चाको स्वास्थ्य अवस्थाको हेरचाह गर्न, पोषण मैत्री व्यवहार परिवर्तनको सुनिश्चित गरी पोषणमैत्री गाँउपालिका घोषणाको आधार सिर्जना गर्न तथा सो कार्यको लागि वितरण गरिने पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्चको प्रकृयालाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

याङवरक गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यस कार्यविधिको नाम "गर्भवति तथा सुत्केरी पोषण प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७९" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :-** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" याङवरक गाउँ कार्यपालिका पाँचथरलाई सम्झनु पर्दछ .

(ग) "पोषण आहार" भन्नाले पोषण अवस्था सुधारका लागि स्थानीय बजारमा उत्पादित घ्यु, अण्डा, नमुना पोषिलो आहार र आयोडिनयक्त नुन सम्झनु पर्दछ।

(घ) "प्रोत्साहन स्वरुप यातायात खर्च" भन्नाले स्वास्थ्य संस्थामा नेपाल सरकारको प्रोटोकल बमोजिम गर्भ जाँच गराउने गर्भवती महिलाहरुलाई वितरण गरिने गर्भजाँच यातायात खर्च र सुरक्षित प्रसुति केन्द्रमा प्रसुती गराउने महिलालाई वितरण गरिने प्रोत्साहन स्वरुप यातायात खर्च सम्झनुपर्दछ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिका क्षेत्रभित्र रहेका प्रसुति केन्द्र भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ।

(च) “लाभग्राही” भन्नाले याङवरक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको प्रोटोकल बमोजिम गर्भवती जाँच गराउने महिला समझ्नुपर्दछ र सो शब्दले प्रसुति केन्द्रमा प्रसुति सेवा पाएका महिलाहरुलाई समेत जनाउनेछ।

## परिच्छेद-२
## उद्देश्य

**३. कार्यक्रमको उद्देश्य:-**

गर्भवति तथा सुत्केरी पोषण प्रवर्धन कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिमको रहेका छन।

(१) विद्यमान पोषण तथा मातृ सुरक्षाको अवस्थामा सुधार ल्याउने।

(२) गर्भवति तथा सुत्केरी महिलाहरुलाई पोषणको कमी भई आमा र गर्भमा रहेको शिशुमा पर्न सक्ने आपतकालिन तथा दिर्घकालिन असर तथा जोखिमलाई न्युनिकरण गर्ने।

(३) संस्थागत सुत्केरीको पहुँच शतप्रतिशत पुर्याउने।

(४) याङवरक गाउँपालिका अन्तर्गका स्वास्थ्य संस्थाका प्रसुति केन्द्रमा प्रसुति सेवा पाएका महिलाहरुलाई पोषण सामाग्री र आयोडिन नुन तथा नमुना पोषण आहार उपलब्ध गराउने।

(५) पोषण मैत्री व्यवहारमा परिवर्तन ल्याइ सभ्य समृद्ध याङवरकको निर्माण गर्ने।

(६) प्रोटोकल बमोजिम नियमित गर्भ जाँच गराउने गर्भवती महिलालाई प्रोत्साहन गर्ने ।

(७) होम डेलीभेरीलाई शुन्य बनाई संस्थागत सुत्केरीको दर वृद्धि गर्न सुत्केरी हुने महिलालाई प्रोत्साहन गर्ने ।

## परिच्छेद-३

## लाभग्राहीको पहिचान, पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च सम्बन्धि व्यवस्था

**४. लाभग्राहीको पहिचान:**

(क) याङवरक गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा नेपाल सरकारले तोकेको प्रोटोकल बमोजिम गर्भवती जाँच गराउने तथा प्रसुति केन्द्रमा प्रसुति सेवा पाएका महिलाहरुले यस कार्यविधि बमोजिम पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च प्राप्त गर्नेछन ।

(ख) लाभग्राही पहिचान गर्न स्वास्थ्य संस्थाबाट नियमित गर्भजाँच गरेको ANC कार्ड तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत प्रयोग हुने अनुसुची ३, ५, ६, ८, ९ र १० लाई आधार मानी लाभग्राही यकिन गरिनेछ।

**५. पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च व्यवस्थापन:-**

(१) लाभग्राहीलाई अनुसूची-१ बमोजिमको पोषण आहार स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने छ ।

(२) नेपाल सरकारले तोकेको प्रोटोकल बमोजिम अनिवार्य ८ पटक गर्भजाँच गराई सुत्केरी भए पश्चात **गर्भ जाँच प्रोत्साहन स्वरुप यातायात खर्च** स्वरुप एकमुष्ठ रु ८०० उपलब्ध गराइने छ ।

स्पष्टिकरण: (१) स्वास्थ्य संस्थामा, घरमा, अन्य सुरक्षित प्रसुती केन्द्रमा सुत्केरी भएमा पनि गर्भजाँच प्रोत्साहन स्वरुप यातायात खर्च वितरण गर्न बाधा पर्ने छैन । तर प्रोटोकल बमोजिमको समय र अवधिमा ८ पटक नै गाउँपालिकाको स्वास्थ्य संस्थामा गर्भ जाँच गराएको हुनुपर्ने छ ।

(३) चालु आ.व. को श्रावण भन्दा अगाडी (नेपाल सरकारको ८ पटक गर्भजाँच गराउने प्रोटोकल लागू हुनु भन्दा अगाडी) साविकको ४ पटक गर्भजाँच गराउने प्रोटोकल अनुसार गर्भजाँच गराइरहेको र चालु आ.व. को श्रावण देखी मात्र नयाँ प्रोटोकल अनुसार ८ पटकको अवधि सँग मेल खाने गरी गर्भजाँच गराएको महिलाको हकमा पनि गर्भजाँच प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराइनेछ ।

(४) स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने महिलालाई **सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्च** स्वरुप थप रु. ७०० उपलब्ध गराइने छ ।

स्पष्टिकरण:-

१) प्रोटोकल बमोजिम गर्भजाँच नगराई स्वास्थ्य संस्थामा सुत्केरी गराउन आएमा पनि **सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्च** रकम दिन बाधा पर्ने छैन।

२) गाउँपालिकाको स्वास्थ्य संस्था बाहेक अन्यत्र स्थानको सुरक्षित प्रसुती केन्द्रमा गई सुत्केरी भई सोको प्रमाण पेश गरेमा पनि **'सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्च'** को रकम दिन बाधा पर्ने छैन तर होम डेलिभरी गराएमा सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्चको रकम दिइने छैन।

(४) गाउँपालिकाको स्वास्थ्य संस्थामा प्रोटोकल बमोजिम गर्भजाँच गराउने गर्भवती महिला तथा स्वास्थ्य स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलालाई उपदफा २ र ३ को रकम एकमुष्ट उपलब्ध गराइने छ।

(५) याङवरक गाउँपालिका बाहेकका अन्य जिल्ला तथा स्थानीय तहबाट गाउँपालिकाको स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलाहरुलाई पनि यस कार्यविधि बमोजिम पोषण आहार तथा **सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्च** वितरण गर्न बाधा पर्ने छैन।

**६. लाभग्राहीलाई पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च वितरण प्रकृया :-**

(१) स्वास्थ्य संस्था प्रमुख वा सो कार्य गर्न तोकिएको पदाधिकारीले यस कार्यविधि बमोजिमको पोषण आहार वितरण गर्न सक्नेछ।

(२) पोषण आहार वितरण गर्दा अनुसूची-२ बमोजिम अधिकतम कम लागत मुल्यमा पोषण आहार व्यवस्थापन गर्नुपर्ने छ।

(३) अनुसूची-२ बमोजिमको पोषण आहारको मुल्यमा प्रचलित बजार मुल्य अनुसार वार्षिक १० प्रतिशतका दरले मुल्य हरेक वर्ष वृद्धि गर्न सकिनेछ।

## परिच्छेद-४

## वित्तीय श्रोत तथा पेश्की सम्बन्धि व्यवस्था

**७. वित्तीय स्रोत :-** याङवरक गाउँपालिकामा संकलन हुने आन्तरीक राजश्व, वित्तीय समानिकरण अनुदान वा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट गाउँपालिकाले हरेक वर्ष **गर्भवती तथा सुत्केरी पोषण प्रवर्द्धन कार्यक्रम शिर्षकमा आवश्यक बजेटको व्यवस्थापन गर्नेछ।** तर चालु आ.व. को हकमा गर्भवती सुत्केरी पोषण प्रवर्द्दन तथा सुत्केरी पोषण भत्ता वितरण शिर्षकमा विनियोजन बजेटबाट एकमुष्ट रुपमा खर्च गरिनेछ।

**८. पेश्की सम्बन्धि व्यवस्था:-**

(१) पेश्की माग गर्ने संस्थाले कुल अपेक्षित महिलाहरुको संख्या सहित आ.व सुरु भएको नै पेश्की माग गरेको निवेदन पेश गर्नु पर्ने छ।

(२) स्वास्थ्य संस्थाहरुलाई यस कार्यक्रमको रकम पेश्की स्वरुप अर्धवार्षिक रुपमा उपलब्ध गराईने छ।

(३) उपलब्ध पेश्की रकम कार्यालयमा त्रैमासिक रुपमा फर्छयौट गर्नुपर्नेछ।

**९. पेस्की फर्छयौट गर्न संलग्न गर्नुपर्ने कागजात:-**

(१) स्वास्थ्य संस्थाले यस कार्यक्रम वापतको पेश्की रकम फर्छयौट गर्न देहाय बमोजिमको कागजात संलग्न राखी त्रैमासिक अवधि समाप्त भएको सात (७) दिन भित्र गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

(क) संस्थाको निवेदन।

(ख) पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च उपलब्ध गराईएको रकम खुल्ने विवरण भएको रसिद वा भरपाई।

(ग) प्रसुति दर्ता प्रतिलिपि।

(घ) पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च वितरण रजिष्टरको प्रतिलिपि।

(ङ) ANC कार्डको प्रतिलिपि र BRS को प्रतिलिपी

(२) उपदफा-१ बमोजिम पेश भएको कागजातको अध्धयन गरी कार्यालयले बढीमा सात (७) दिन भित्रमा पेश्की फर्छयौट गर्नेछ।

(३) त्रैमासिक रुपमा पेश्की फर्छयौट नगर्ने स्वास्थ्य संस्था प्रमुखलाई प्रचलित कानुन बमोजिम कारबाही गरिने छ।

## परिच्छेद-५
## अभिलेख सम्बन्धि व्यवस्था

**१०. अभिलेख व्यवस्थापन तथा सार्वजनिकिरण:-**

(१) यस कार्यविधी बमोजिम पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च पाउने लाभग्राहीहरुको विवरण स्वास्थ्य संस्थाले अनुसूची-३ बमोजिम राख्नुपर्ने छ।

(२) उपदफा-१ बमोजिम राखेको विवरण स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा गाउँपालिकाको स्वास्थ्य शाखामा पेश गर्नुपर्दछ।

(३) यस दफा बमोजिम राखिएको विवरण स्वास्थ्य संस्था तथा गाउँपालिकाले त्रैमासिक तथा वार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने छ।

## परिच्छेद-६
## विविध

**११. बचाउ र खारेजी:-**

(१) यस गाउँपालिका भित्र चालु आ.व मा यो कार्यविधि जारी हुनुभन्दा अगाडी गर्भवति तथा सुत्केरी पोषण प्रवर्धन सम्बन्धी गरिएका क्रियाकलाप यसै कार्यविधि बमोजिम गरिएको मानिने छ।

(२) याङवरक गाउँपालिकाको "गर्भवती तथा सुत्केरी आमालाई पोषण भत्ता वितरण गर्ने कार्यविधि, २०७४" खारेज गरिएको छ।

**१३. बाधा अडकाउ फुकाउ-:** यस कार्यविधी कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्ने छ ।

**१४. संसोधन तथा परिमार्जन -:** यो कार्यविधी आवश्यकता अनुसार गाउँकार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्ने छ।

## अनुसूची-१

कार्यविधीको दफा ५ (क) सँग सम्बन्धित

लाभग्राहीले पाउने पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च

<table>
<tr><th>क्र.स</th><th>सामाग्रीको नाम</th><th>प्रति सुत्केरीले पाउने</th><th colspan="2">प्रोत्साहन स्वरुप यातायात खर्च</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>लोकल घ्यु</td><td>१ के.जि</td><td rowspan="4">गर्भजाँच प्रोत्साहन प्रति सुत्केरी ८००मात्र</td><td rowspan="4">सुरक्षित सुत्केरी प्रोत्साहन स्वरुप यातायात खर्च प्रति सुत्केरी ७००</td><td rowspan="4"></td></tr>
<tr><td>२</td><td>लोकल अण्डा</td><td>१० वटा</td></tr>
<tr><td>३</td><td>आयोडिनयुक्त नुन</td><td>२ के.जि</td></tr>
<tr><td>४</td><td>पोषिलो नमुना खाना</td><td>१ छाक</td></tr>
</table>

## अनुसूची-२

कार्यविधिको दफा८ (२) सँग सम्बन्धित

पोषण आहार र प्रोत्साहन स्वरुप यातायात खर्च वापतको अधिकतम रकम

| क्र.स | पोषण आहारको प्रकार | प्रति सुतकेरीले पाउने | खर्च गर्न सकिने दर (रु) | जम्मा रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|
| १ | लोकल घ्यु | १ के.जि | ७५० | ७५० | |
| २ | लोकल अण्डा | १० वटा | ३० | ३०० | |
| ३ | पोषिलो नमुना खाना | १ छाक | ३५० | ३५० | |
| ४ | आयोडिनयुक्त नुन | २ के.जि | ३५ | ७० | |
| **जम्मा** | | | | १४७०/- | |
| **गर्भजाँच प्रोत्साहन स्वरुप यातायात खर्च प्रति सुत्केरी** | | | | ८००/- | |
| **सुरक्षित सुत्केरी भत्ता प्रति सुत्केरी** | | | | ७००/- | |
| **कुल जम्मा** | | | | **२९७०/-** | |

**अनुसूची-३**

कार्यविधिको दफा १० (क) सँग सम्बन्धित

**लाभग्राहीको विवरण**

आ.व.:- महिना:- स्वास्थ्य संस्थाको नाम:-

| क्र.स | नामथर | ठेगाना | ना.प्र.न | श्रीमानको नाम | प्रोटोकल बमोजिम गर्भ जाँच सम्बन्धि विवरण | | सुत्केरी भएको मिति | सम्पर्क नं. (सुत्केरी महिलाको) | सम्पर्क नं (श्रीमानको नं.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भए/ नभएको | भएको पटक | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**प्रमाणीकरण मितिः २०७९/०८/२५ गते**

आज्ञाले

सुमन लिङदेन (लिम्बु)

प्रमुख प्रशासकीय अधिकृत